नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय

# विद्यालय शिक्षक किताबखाना

म्युजियम मार्ग, छाउनी, काठमाण्डौ ।

फोन नं.:- (४२८३०२३
(४६७०७५७
(४६७२८२३
फ्याक्सः- (४२८४९००

प.सं. ०७४/७५
च.नं. ३६०६

मितिः-२०७४।११।१८

**विषय :शिक्षक विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।**

श्री जिल्ला शिक्षा कार्यालय

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७३/०७४ को त्यस जिल्लाबाट प्राप्त भएका स्थायी शिक्षकहरुको सम्पत्ति विवरणहरु दर्ता गर्ने क्रममा केही शिक्षकहरुको दोहोरा संकेत नं. भएको, संकेत नं.फरक परेको, संकेत नं.नलेखेको, जिल्लाअन्तर सरुवा भई गएको र अवकाश/ राजिनामा तथा मृत्यू भएका शिक्षकहरुको विवरण पनि किताबखानाको अभिलेखमा रहिरहेको देखिएकोले अभिलेखलाई अद्यावधिक गर्न कठिनाई भएकाले शिक्षकहरुले समयमै सम्पत्ति विवरण पेश गर्दा पनि दर्ता हुन नसकेकोले जरीवाना तिनुपर्ने अवस्था भएको तथा **अख्तियार दुरुपायोग अनुसन्धान आयोगमा २०७४ फागुन १५ मा** सम्पन्न बैठकले समेत शिक्षक विवरण अद्यावधिक गरी राष्ट्रिय सतर्कता केन्द्रमा पठाउने भन्ने निर्णय गरेकाले, अतः त्यस जिल्ला अन्तर्गतका शिक्षकहरुको विवरण अद्यावधिक गर्नको लागि "अद्यावधिक गर्नु पर्ने शिक्षकको विवरण र शिक्षक अभिलेख अद्यावधिक गर्ने फाराम" यसै पत्र साथ सम्लग्न गरी पठाईएको छ । शिक्षक विवरण एकिन गरी संलग्न फाराम भरी उक्त विवरण यस विभागको इमेल stroedu@gmail.com मा मेल गरी यथाशीघ्र पठाउनु हुन र Hard copy समेत छिटो साधनबाट १० दिन भित्र पठाउनु हुन अनुरोध छ । साथै राहत तथा करारमा कार्यरत शिक्षक, कर्मचारीहरुको हकमा ताहाँबाटै अद्यावधिक गरी सम्पत्ति विवरण नवुझाउने शिक्षकहरुको विवरण सिधै राष्ट्रिय सतर्कता केन्द्रमा पठाई यस किताबखानालाई विवरण उपलव्ध गरी दिनहुन अनुरोध छ ।

..................................
हरि गौतम
(महानिर्देशक)

**बोधार्थ :**
श्रीमान् सचिवज्यू
शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय
सिंहदरवार, काठमाडौ । - (जानकारीको लागि)
श्री शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुद मन्त्रालय
शैक्षिक व्यवस्थापन महाशाखा
सिंहदरवार, काठमाडौ ।